# नाडेप लघुवित्त वित्तीय संस्था लि.

# NADEP Laghubitta Bittiya Sanstha Limited

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था)

केन्द्रीय कार्यालयः गजुरी-१, धादिङ्ग, नेपाल
फोन : ०१०-४०२१११, ४०२१२४
इमेलः nadeplaghubitta@gmail.com, वेभसाइटः www.nadeplaghubitta.com

**प्रति साधारण शेयर रू.१००/- अंकित दरका ४,८०,००० कित्ता मध्ये ५ प्रतिशत अर्थात २४,००० कित्ता साधारण शेयरहरु कम्पनीका कर्मचारीहरुको लागि सुरक्षित गरिएको तथा ५ प्रतिशत अर्थात २४,००० कित्ता साधारण शेयरहरु सामूहिक लगानी कोषहरुलाई बाँडफाँड गरिएको र बाँकी ४,३२,००० कित्ता शेयर सर्वसाधारणमा निष्काशन गरिएको।**

| | |
|---|---|
| **दरखास्त दिनुपर्ने न्यूनतम कित्ता** | **: २० कित्ता** |
| **दरखास्त दिनपाउने अधिकतम कित्ता** | **: २,४०० कित्ता** |

**दरखास्तसाथ भुक्तानी गर्नुपर्ने रु.१००/- प्रति शेयरको दरले**

को

# आव्हान-पत्र

**यो विवरण-पत्र नभई केवल आव्हान-पत्र मात्र हो।**

नेपाल धितोपत्र बोर्डबाट विवरण-पत्र स्वीकृत भएको मिति २०७५/०२/०३, नेपाल राष्ट्र बैंकमा विवरण-पत्र दर्ता भएको मिति २०७५/०२/०६ तथा कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरण-पत्र दर्ता भएको मिति २०७५/०२/२४ गते।

## १. संस्थाको नाम :

**नाडेप लघुवित्त वित्तीय संस्था लिमिटेड (NADEP Laghubitta Bittiya Sanstha Limited)।**

## २. संस्था कुन ऐन अन्तर्गत स्थापित भएको सो कुराः

यस वित्तीय संस्था कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७०/१०/१५ मा नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक लिमिटेड कम्पनीको रुपमा दर्ता भएको हो। बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अनुसार मिति २०७२/०१/०७ मा नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्न स्वीकृति प्राप्त गरी राष्ट्रिय स्तरको "घ" वर्गको वित्तीय संस्थाको हैसियतले मिति २०७२/०२/०१ गतेदेखि बैंकिङ्ग कारोवार सञ्चालन गर्दै आएको छ।

## ३. संस्थाको रजिष्टर्ड कार्यालय :

यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय गजुरी-१, गजुरी, धादिङ्ग जिल्लामा रहेको छ।

## ४. कारोवार गर्ने मुख्य स्थान :

यस संगठित संस्थाको कारोवार स्थान हाललाई प्रधान कार्यालय, गजुरी, धादिङ तथा ईलाका, शाखा, उपशाखा देहाय बमोजिम रहेको छ र आवश्यकता अनुसार नेपाल राष्ट्र बैंकको स्वीकृती लिई अन्य स्थानहरुमा समेत शाखा, उपशाखा वा अन्य कार्यालय खोली कारोवार गर्न सकनेछ।

| क्र.सं. | शाखा/उपशाखा/ईलाका कार्यालय | ठेगाना | क्र.सं. | शाखा/उपशाखा/ईलाका कार्यालय | ठेगाना |
|---|---|---|---|---|---|
| १ | शाखा कार्यालय रँगेली, मोरङ्ग | रँगेली न.पा.-१, रँगेली चोक, मोरङ्ग | ३६ | उपशाखा कार्यालय कपुरकोट, सल्यान | धनवाङ-७, कपुरकोट, सल्यान |
| २ | शाखा कार्यालय कटहरी, मोरङ्ग | कटहरी गाविस-४, कटहरीबजार, मोरङ्ग | ३७ | उपशाखा कार्यालय होलेरी, रोल्पा | डुब्रिङ-१, होलेरी, रोल्पा |
| ३ | शाखा कार्यालय टंकिसिनुवारी, मोरङ्ग | टंकिसिनुवारी गाविस-२, टंकिचोक, मोरङ्ग | ३८ | उपशाखा कार्यालय खलंगा, जाजरकोट | भेरीमालिका न.पा.-४, खलंगा, जाजरकोट |
| ४ | शाखा कार्यालय बनियानी, भापा | बनियानी गाविस-४, बनियानी, भापा | ३९ | उपशाखा कार्यालय चौरजहारी, रुकुम | चौरजहारी न.पा.-२, पुरानोबजार, रुकुम |
| ५ | शाखा कार्यालय भद्रपुर, भापा | भद्रपुर न.पा.-९, मेघाटोल, भापा | ४० | उपशाखा कार्यालय दिक्तेल, खोटाङ्ग | दिक्तेल न.पा.-२, हस्पिटल लाईन |
| ६ | उपशाखा कार्यालय ठैव, ललितपुर | गोदावरी, न.पा.-१२, ठैव, ललितपुर | ४१ | उपशाखा कार्यालय ओखलढुङ्गा | ओखलढुङ्गा न.पा.-२, मिलनचोक |
| ७ | उपशाखा कार्यालय ईनरुवा, सुनसरी | ईनरुवा न.पा.-३, ईनरुवा, सुनसरी | ४२ | उपशाखा कार्यालय भोजपुर, भोजपुर | भोजपुर न.पा.-५, चारभञ्ज्याङ्ग, पोखेलोईंग |
| ८ | शाखा कार्यालय हरैचा, मोरङ्ग | कोसी हरैचा न.पा.-१३, हरैचाबजार, मोरङ्ग | ४३ | उपशाखा कार्यालय भिङ्ग्री, प्युठान | भिङ्ग्री गाविस-१, भिङ्ग्रीबजार, प्युठान |
| ९ | शाखा कार्यालय ईटहरी, सुनसरी | ईटहरी उमनपा-१, ईटहरी, सुनसरी | ४४ | उपशाखा कार्यालय शिवपुर, कपिलबस्तु | शिवराज न.पा.-९, शिवपुर |
| १० | शाखा कार्यालय बिर्तामोड, भापा | बिर्तामोड न.पा.-७, बिजुली अफिस, भापा | ४५ | उपशाखा कार्यालय तौलिहवा, कपिलबस्तु | तौलिहवा न.पा.-१, नयांटोल |
| ११ | शाखा कार्यालय धुलाबारी, भापा | मेचीनगर न.पा.-१, धुलाबारी, भापा | ४६ | उपशाखा कार्यालय सन्धिखर्क, अर्घाखांची | सन्धिखर्क न.पा.-६, अस्पताल लाईन |
| १२ | उपशाखा कार्यालय चापागाउं, ललितपुर | बज्रबाराही न.पा.-९, चापागाउं, ललितपुर | ४७ | उपशाखा कार्यालय हार्थोक, पाल्पा | खस्यौली गाविस-२, हार्थोकबजार |
| १३ | शाखा कार्यालय उर्लाबारी, मोरङ्ग | उर्लाबारी न.पा.-४, स्कुलडाडा, मोरङ्ग | ४८ | उपशाखा कार्यालय बलेटक्सार, गुल्मी | बलेटक्सार गाविस-४, बलेटक्सारबजार |
| १४ | उपशाखा कार्यालय फत्तेपुर, सप्तरी | सप्तकोसी न.पा.-३, फत्तेपुर, सप्तरी | ४९ | उपशाखा कार्यालय लमही, दाङ्ग | लमही न.पा.-११, लमहीबजार |
| १५ | शाखा कार्यालय दमक, भापा | दमक न.पा.-११, दमक, भापा | ५० | उपशाखा कार्यालय लक्ष्मीपुर, दाङ्ग | लक्ष्मीपुर गाविस-४, गौली |
| १६ | शाखा कार्यालय बिराटनगर, मोरङ्ग | बिराटनगर उमनपा-१५, जनपथटोल, मोरङ्ग | ५१ | उपशाखा कार्यालय पिपरी, बांके | कोहलपुर न.पा.-९, पिपरीबजार |
| १७ | उपशाखा कार्यालय बुधबारे, भापा | बुधबारे गाविस-९, बुधबारे, भापा | ५२ | उपशाखा कार्यालय खजुरा, बांके | खजुरा न.पा.-४, खजुरा, बांके |
| १८ | उपशाखा कार्यालय लुभु, ललितपुर | महालक्ष्मी न.पा.-७, लुभु, ललितपुर | ५३ | उपशाखा कार्यालय सांफेबगर, अछाम | सांफेबगर न.पा.-५, एयरपोर्टबजार |
| १९ | उपशाखा कार्यालय प्रसौनी, बारा | प्रसौनी गाविस-१, प्रसौनीबजार, बारा | ५४ | उपशाखा कार्यालय दिपायल, डोटी | दिपायल सिलगढी न.पा.-७, पिपल्लाबजार |
| २० | उपशाखा कार्यालय बुर, नुवाकोट | बिदुर न.पा.-४, बँर, नुवाकोट | ५५ | उपशाखा कार्यालय डडेलधुरा, डडेलधुरा | अमरगढी न.पा.-३, बागबजार |
| २१ | उपशाखा कार्यालय सिमरा, बारा | गढीमाई न.पा.-१, एयरपोर्टरोड, सिमरा, बारा | ५६ | उपशाखा कार्यालय पाटन, बैतडी | पाटन न.पा.-१४, पाटनबजार |
| २२ | उपशाखा कार्यालय सतुंगल, काठमाडौं | चन्द्रागिरी न.पा.-१९, सतुंगल, काठमाडौं | ५७ | उपशाखा कार्यालय कलुवापुर, कञ्चनपुर | भलारी पिपलाडि न.पा.-११, कलुवापुर |
| २३ | उपशाखा कार्यालय गजुरी, धादिङ्ग | गजुरी गाविस-१, गजुरीबजार, धादिङ्ग | ५८ | उपशाखा कार्यालय बेलौरी, कञ्चनपुर | बेलौरी न.पा.-८, क्याम्पसरोड |
| २४ | उपशाखा कार्यालय फर्पिङ्ग, काठमाडौं | दक्षिणकाली न.पा.-६, फर्पिङ्ग, काठमाडौं | ५९ | उपशाखा कार्यालय अत्तरीया, कैलाली | अत्तरीया न.पा.-४, अत्तरीयाबजार |
| २५ | उपशाखा कार्यालय पालुङ्ग, मकवानपुर | थाहा न.पा.-८, शिखरकोट, मकवानपुर | ६० | उपशाखा कार्यालय दुर्गौली, कैलाली | साविक दुर्गौली गाविस-१, मिलनचौक |
| २६ | उपशाखा कार्यालय बालाजु, काठमाडौं | तारकेश्वर न.पा.-१८, नेपालटार, काठमाडौं | ६१ | उपशाखा कार्यालय राजापुर, बर्दिया | राजापुर न.पा.-१२, शान्तिपुर |
| २७ | उपशाखा कार्यालय ठिमी, भक्तपुर | मध्यपुर ठिमी न.पा.-१३, ठिमी, भक्तपुर | ६२ | उपशाखा कार्यालय गुलरिया, बर्दिया | गुलरिया न.पा.-७, गुलरियाबजार |
| २८ | उपशाखा कार्यालय जोरपाटी, काठमाडौं | गोकर्णेश्वर न. पा.-१४, दक्षिणढोका, काठमाडौं | ६३ | ईलाका कार्यालय बिर्तामोड, भापा | बिर्तामोड, भापा |
| २९ | उपशाखा कार्यालय हेटौंडा, मकवानपुर | हेटौंडा उमनपा-४, हेटौंडा, मकवानपुर | ६४ | ईलाका कार्यालय बिराटनगर, मोरङ्ग | बिराटनगर, मोरङ्ग |
| ३० | शाखा कार्यालय कलैया, बारा | कलैया न.पा.-५, मोतिवाग, बारा | ६५ | ईलाका कार्यालय हेटौंडा, मकवानपुर | हेटौंडा, मकवानपुर |
| ३१ | उपशाखा कार्यालय धार्के, धादिङ्ग | नौबिसे गाविस-१, धार्केबजार, धादिङ्ग | ६६ | ईलाका कार्यालय सातदोबाटो, ललितपुर | सातदोबाटो, ललितपुर |
| ३२ | उपशाखा कार्यालय छहरे, नुवाकोट | थानसिंग गाविस-१, छहरे, नुवाकोट | ६७ | ईलाका कार्यालय कोहलपुर, बाँके | कोहलपुर, बाँके |
| ३३ | उपशाखा कार्यालय कमलबिनायक, भक्तपुर | भक्तपुर न.पा.-४, कमलबिनायक, भक्तपुर | ६८ | ईलाका कार्यालय अत्तरिया, कैलाली | अत्तरिया, कैलाली |
| ३४ | उपशाखा कार्यालय बस्तीपुर, मकवानपुर | हेटौंडा उमनपा-२९, बस्तीपुर, मकवानपुर | ६९ | ईलाका कार्यालय बुटवल, रुपन्देही | बुटवल, रुपन्देही |
| ३५ | उपशाखा कार्यालय बोगटीटार, रसुवा | लहरेपौवा-१, कल्जेलटार, रसुवा | | | |

## ५. संगठित संस्थाको स्थापनाकाल देखि हाल सम्मको संक्षिप्त इतिहास र मुख्य उद्देश्यहरु :

नाडेप लघुवित्त वित्तीय संस्था लिमिटेड, नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ अनुसार २०७० माघ १५ मा दर्ता भई नेपाल राष्ट्र बैंकबाट २०७२ बैशाख ७ मा वित्तीय कारोवार गर्न ईजाजत प्राप्त भए पश्चात मिति २०७२ जेष्ठ १ देखि सञ्चालनमा आएको लघुवित्त कारोवार गर्ने कम्पनी ऐन, २०६३, बैंक तथा वित्तीय संस्था हो। केन्द्रीय कार्यालय धादिङ्ग जिल्लाको गजुरी गा.वि.स. वडा नं. १ गजुरीबजारमा रहेको यस वित्तीय संस्थाले हाल भापा, मोरङ्ग, सुनसरी, सप्तरी, बारा, मकवानपुर, धादिङ, नुवाकोट, काठमाडौं, ललितपुर, भक्तपुर, रसुवा, सल्यान, रुकुम, रोल्पा, जाजरकोट, ओखलढुङ्गा, भोजपुर, पाल्पा, गुल्मी अर्घाखाची, कपिलवस्तु, प्यूथान, दाङ्ग, बाँके, बर्दिया, कैलाली, कञ्जनपुर, डडेलधुरा, बैतडी, डोटी, अछाम र खोटाङ गरी जम्मा ३३ जिल्लामा ७ वटा ईलाका कार्यालयहरु (विर्तामोड भापा, विराटनगर मोरङ, हेटौडा मकवानपुर, सातदोबाटो ललितपुर, बुटवल रुपन्देही, कोहलपुर बाँके र अत्तरीया कैलाली) तथा सो मातहतका ६२ वटा शाखा तथा उपशाखा कार्यालयहरु मार्फत लघुवित्त कार्यक्रम सञ्चालन हुँदै आईरहेको छ। नाडेप लघुवित्त संस्था लिमिटेडले प्रतिस्पर्धी बजारमा प्रभावकारी सेवा प्रदान गर्न एवम् दीर्घकालिन रुपमा यसलाई व्यापक बनाउने सोच राखेको छ। समयको परिवर्तनसगै राज्यमा भएको सामाजिक परिवर्तन एवम् समयसापेक्ष सुधार गरी लघुवित्त कार्यक्रम सञ्चानको उपयुक्त ढांचा प्रविधिको विकाससँगै प्रक्रियागत बैकिङपद्धति, दिगो विकास तथा व्यवस्थित पद्धतिद्धारा नियन्त्रित कार्यक्रम सञ्चालन गरिनेछ।

नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी कानून तथा अन्य प्रचलित कानूनको अधीनमा रही लघु वित्तीय कारोवार गर्ने यस लघु वित्तीय संस्थाको मुख्य उद्धेश्यहरु देहाय बमोजिम हुनेछ

क) लघु वित्तीय संस्थाको निक्षेपकर्ताको हक हितको संरक्षण र सम्बर्द्धन गर्दै स्वस्थ्य प्रतिस्पर्धाबाट सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो लघु वित्तीय मध्यस्थता सेवा उपलब्ध गराउने।
ख) कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यवसायिक रुपले सम्भाब्य देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एवम् उत्पादकत्व बृद्धिका लागि आवश्यक लघु वित्तीय साधन आन्तरिक तथा बाह्य स्रोतबाट जुटाई देशको औधोगिक, व्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुऱ्याउने,
ग) उपलब्ध शीप, श्रम तथा पूँजीलाई उचित रुपमा परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवम् रोजगारीमूलक व्यवसायको स्थापना, सञ्चालन, विकास, विस्तार एवम् प्रबर्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकिय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरीबी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुऱ्याउने,
घ) लघु वित्तीय सेवामा जोखिम कम गर्दै लघु वित्तीय क्षेत्रको उदारीकरणमा मद्धत पुऱ्याई देशको अर्थतन्त्रलाई सबल तथा सुदृढ बनाउन सहयोग पुऱ्याउने, र
ङ) देशको समग्र वित्तीय प्रणली प्रति सर्वसाधारणको विश्वासनीयता अभिवृद्धि गर्न सहयोग पुऱ्याउने,
च) बचत, कर्जा, विप्रेषण र लघुबिमाका विविध सेवाको विस्तार गर्दै लघुवित्त क्षेत्रलाई अफ व्यापक बनाउने।
छ) नेपाल सरकारको ग्रामिण आवास, सामुदायिक स्वास्थ्य र लघु जलविद्युतको विकास र विस्तार अभियानमा कर्जा लगानीको माध्यमबाट सहयोग पुऱ्याउने।
ज) सम्भाव्य मध्यम खालका उद्योग व्यवसायीको विकास गर्ने।
भ) विपन्न वर्गमा जाने कर्जाको समुचित र सुरक्षित परिचालन गर्ने।
ञ) लघुवित्तको साथसाथै शिक्षामूलक कार्यक्रमहरु, समुह परिचालनको माध्यमबाट विपन्न महिलाहरुको चेतना अभिवृद्धि गर्ने।

## ६. संस्थाको पूँजी संरचना सम्बन्धी विवरण :

**अधिकृत पूँजी :** कम्पनीको अधिकृत पूँजी रु.३२,००,००,०००/- (अक्षरेपी रु. बत्तीस करोड मात्र) रहेको छ। उक्त पूँजीलाई रु.१००/- का दरले ३२,००,००० (बत्तीस लाख) थान साधारण शेयरमा बिभाजन गरिएको छ।

**जारी पूँजी :** कम्पनीको जारी पूँजी रु.१६,००,००,०००/- (अक्षरेपी रु. सोह्र करोड मात्र) रहेको छ। उक्त पूँजीलाई रु.१००/- का दरले १६,००,००० (सोह्र लाख) थान शेयरमा बिभाजन गरिएको छ।

**चुक्ता पूँजी :** कम्पनीको चुक्ता पूँजी रु.११,२०,००,०००/- (अक्षरेपी रु. एघार करोड बीस लाख मात्र) रहेको छ। सर्वसाधारणलाई रु.४,८०,००,०००/- (अक्षरेपी चार करोड असी लाख मात्र) रकम बराबरको शेयरको निष्काशन पश्चात् वित्तिय संस्थाको चुक्ता पूँजी रु.१६,००,००,०००/- (अक्षरेपी रु. सोह्र करोड मात्र) हुनेछ।

## ७. सर्वसाधारणलाई शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात् हुने वित्तीय संस्थाको चुक्ता पूँजीको संरचना :

| क्र.सं. | शेयरधनीहरु | समूह | साधारण शेयर संख्या | चुक्ता रकम रु. | पूँजी संरचना | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | संस्थापक शेयरधनीहरु | क | ११,२०,०००.०० | ११,२०,००,०००.०० | ७०% | १००% |
| २ | सर्वसाधारण शेयरधनीहरू (कर्मचारीहरु समेत) | ख | ४८०,०००.०० | ४८,०००,०००.०० | ३०% | १००% |
| | जम्मा | | १,६००,०००.०० | १६०,०००,०००.०० | १००% | १००% |

***नोटः*** सर्वसाधारण शेयरधनीहरु (कर्मचारीहरु समेत) लाई बिक्री गरिने शेयर निष्काशन गर्न बाँकी रहेको।

## ८. संचालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :

वित्तीय संस्थाको नियमावलीको नियम २७ मा भएको व्यवस्था अनुसार ७ (सात) जना सञ्चालक सदस्य रहेको एक सञ्चालक समिति गठन गरिएको छ।

| | |
|---|---|
| समूह "क" संस्थापक समूहहरुबाट मनोनित वा निर्वाचित | ४ जना |
| समूह "ख" सर्वसाधारण शेयरधनीहरूबाट निर्वाचित | २ जना |
| स्वतन्त्र सञ्चालक | १ जना |
| जम्मा | ७ जना |

सञ्चालकहरुको कार्यकाल ४ (चार) वर्षको हुनेछ।

कम्पनीको नियमावलीको नियम २८ मा भएको व्यवस्था अनुसार सञ्चालक हुनको लागि कम्पनीको कम्तीमा १०० (एक सय) कित्ता शेयर आफ्नो नाममा खरिद गरेको हुनु पर्नेछ। तर स्वतन्त्र संचालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने संचालकको हकमा यो व्यवस्था लागु हुने छैन।

## ९. संचालक तथा आधारभुत शेयरधनीहरुको विवरण :

**आधारभुत शेयरधनीहरुको विवरण**

| सि.नं. | नाम | पद | उमेर | राष्ट्रियता | ठेगाना | शेयर स्वामित्व | शैक्षिक योग्यता | अनुभव |
|---|---|---|---|---|---|---|---|---|
| १ | नबिल बैंक लि. | - | - | - | तीनधारा, काठमाडौं | ४००,०००.०० | - | - |
| २ | विकास आयोजना सेवा केन्द्र (डिप्रोक्स नेपाल) | - | - | - | थापाथली, काठमाडौं | ४००,०००.०० | - | - |
| ३ | लुम्बिनी विकास बैंक लि. | - | - | - | डिल्लीबजार, काठमाडौं | १६०,०००.०० | - | - |

**सञ्चालकहरुको विवरणः**

| सि.नं. | नाम | पद | उमेर | राष्ट्रियता | ठेगाना | शेयर स्वामित्व | शैक्षिक योग्यता | अनुभव |
|---|---|---|---|---|---|---|---|---|
| १ | श्री पिताम्बर प्रसाद आचार्य | अध्यक्ष | ७४ | नेपाली | लहरपौवा, रसुवा | ८,००० | बि.एल. post graduate in rural regional development planning | - नेपाल सरकार उद्योग मन्त्रालय, लेखा तथा प्रशासकिय अधिकृत २०२३ देखि २०२८ सम्म।<br>- कृषि विकास बैक बिभिन्न पदमा २०२८ देखि २०४८ सम्म (अञ्चल प्रबन्धकबाट अवकाश)।<br>- डिप्रोक्स नेपालमा २०५० देखि हालसम्म कार्यकारी निर्देशक र संस्थापक अध्यक्ष (२०५० देखि २०६२)<br>- डिप्रोक्स विकास बैक संस्थापक अध्यक्ष २०५८-२०६२<br>- संचालक/उपाध्यक्ष सेन्टर फर माईक्रोफाईनास २०५७ देखि हालसम्म।<br>- संस्थापक अध्यक्ष लघुवित्त संघ (MIFAN)<br>- आयोजक समितिको अध्यक्ष चौथौ लघुवित्त राष्ट्रिय सम्मेलन २०१७। |
| २ | श्री दिपक श्रेष्ठ | सञ्चालक | ५५ | नेपाली | गोश्वारारोड, मोरङ्ग | - | स्नाकोत्तर | - नबिल बैकमा २०४२ देखि कार्यरत रहनु भएको र हाल कर्पोरेट बैंकिङको प्रमुख रहि डि.जि.एम. पदमा कार्यरत रहनु भएको छ। |
| ३ | श्री वेद प्रसाद सिवाकोटी | सञ्चालक | ६८ | नेपाली | सुनखानी, दोलखा | ८,००० | स्नाकोत्तर | - त्रिभुवन विश्वविधालय सहायक प्राध्यापक, उप-प्राध्यापक, सह-प्राध्यापक २०३४ देखि २०५५ सम्म।<br>- अख्तियार दुरुपयोग अनुसन्धान आयोगको आयूक्त २०५९ देखि २०६६ सम्म।<br>- डिप्रोक्स नेपालमा कानून प्रशासन विज्ञ २०७२ देखि हालसम्म।<br>- अधिवक्ता, बरिष्ठ अधिवक्ता २०३३ देखि हालसम्म। |
| ४ | श्री हरि कृष्ण सुवेदी | सञ्चालक | ४७ | नेपाली | डिल्लीबजार | - | स्नाकोत्तर | - नेपाल को-अपरेटिभ सोसाईटीमा प्रबन्धक २०५३-२०५५ सम्म।<br>- नेपाल डेभलपमेन्ट बैक लि.मा अधिकृत २०५५-२०६४ सम्म।<br>- क्यापिटल मर्चेन्ट बैंकिङ्ग तथा फाइनान्समा बरिष्ठ अधिकृत २०६४-२०६८।<br>- फेवा फाईनान्स लि.मा प्रबन्धक २०६८-२०७१ सम्म।<br>- लुम्बिनी विकास बैक लि.मा प्रमुख व्यबस्थापक २०७१ देखि हालसम्म। |
| ५ | श्री प्रविण भट्टराई | स्वतन्त्र संचालक | ५४ | नेपाली | पाल्पा | - | बि.बि.एस | - नेपाल राष्ट्र बैंकमा २०४२-२०७२ सम्म विभिन्न पदमा ३० बर्ष कार्यअनुभव सहित उप-निर्देशकबाट अवकास। |

**प्रमुख कार्यकारी अधिकृतको विवरण :**

| क्र.सं. | नाम | पद | योग्यता | उमेर | राष्ट्रियता | ठेगाना | कार्यानुभव |
|---|---|---|---|---|---|---|---|
| १. | श्री शारदा प्रसाद कट्टेल | प्रमुख कार्यकारी अधिकृत | एम.ए. अर्थशास्त्र | ६७ | नेपाली | रानीस्वारा, गोरखा | • मण्डली मा.वि., छोप्राक शिक्षण २०२८-२०३० सम्म • कृषि विकास बैंक २०३०-२०६३ सम्म विभागीय प्रमुखमा पदबाट अबकास • डिप्रोक्स लघुवित्त विकास बैंक लि.मा महाप्रबन्धक र नायब प्रमुख कार्यकारी अधिकृत २०६४-२०६६ सम्म • डिप्रोक्स लघुवित्त विकास बैंक लि.मा प्रमुख कार्यकारी अधिकृत २०६६-२०७४ सम्म। |

## १०. धितोपत्र जारी गर्नुको उदेश्य :

१. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अनुरुप ३०% शेयर सर्वसाधारणमा बिक्री गर्नुपर्ने भएको र सोही बमोजिम लघुवित्त वित्तीय संस्थाको प्रवन्ध-पत्रले जारी पूँजीको ३०% शेयर सर्वसाधारणमा बिक्री गर्नुपर्ने प्रावधान अनुरुप रु.४ करोड ८० लाख शेयर पूँजी सर्वसाधारण नेपाली नागरिकहरुलाई बिक्री वितरण गरी वित्तीय संस्थाको संचालनमा सर्वसाधारणलाई समेत संलग्न गराउन
२. वित्तीय संस्थाले सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवम् आर्थिक गतिविधिहरुलाई विस्तार गर्न आवश्यक पर्ने पूँजीको व्यवस्था गर्न।
३. वित्तीय संस्थाको प्रवन्ध-पत्र तथा नियमावलीमा उल्लेख गरिएका उद्देश्यहरु अनुरुप गर्नुपर्ने कार्यहरुको लागि आवश्यक पर्ने पूँजी संकलन गर्न।

## ११. सीमित दायित्व सम्बन्धी विवरण :

यो वित्तीय संस्था कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित तथा संचालित पब्लिक लिमिटेड कम्पनी हो। यसमा शेयरधनीहरूको दायित्व निजहरूले खरिदगर्न कबुल गरेको शेयरको अंकित रकमसम्म मात्र सीमित रहनेछ।

## १२. लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्तसाथ पठाउनु पर्ने पेश्की रकम :

निष्काशन गरिने साधारण शेयरको लागि दरखास्त दिंदा दरखास्तवालाले कम्तीमा २० (बिस) कित्ता तथा अधिकतम २,४०० (दई हजार चार सय) कित्ता शेयर खरिद गर्नका लागि दरखास्त दिनु पर्नेछ। २० (बिस) कित्ताभन्दा वढी शेयरका लागि दरखास्त दिंदा १० (दश) अंकको गुणाङ्क संख्यामा दिनु पर्नेछ। दरखास्तवालाले दरखास्तसाथ आफूले खरिद गर्न चाहेको साधारण शेयर संख्याको प्रति साधारण शेयर रु.१००/- का दरले हुन आउने रकम वा सो बराबरको रकम जम्मा गरेको भौचर वा बैंक ड्राफ्ट संलग्न गरेको हुनु पर्नेछ।

## १३. वित्तीय संस्थाको विगत तीन वर्षको लेखापरीक्षण भएको तथा आगामी तीन वर्षको प्रक्षेपित वासलात, नाफा-नोक्सान हिसाब तथा नेटवर्थ सम्बन्धी विवरण :

**वासलात**

| पूँजी तथा दायित्व | वास्तविक (रु.हजारमा) आ.ब. ०७१/०७२ | आ.ब. ०७२/०७३ | आ.ब. ०७३/०७४ | *आ.ब. २०७४/७५ चैत्र मसान्त | प्रक्षेपित (रु.हजारमा)** आ.ब. ०७४/०७५ | आ.ब. ०७५/०७६ | आ.ब. ०७६/०७७ |
|---|---|---|---|---|---|---|---|
| शेयर पूँजी | ११२,००० | ११२,००० | ११२,००० | ११२,००० | २४०,००० | ४८०,००० | ६००,००० |
| जगेडा तथा कोषहरु | ६,५३५ | ४०,५८३ | १११,०६२ | १५५,६७८ | ११९,१४८ | २२७,२४४ | ३९२,२३४ |
| ऋणपत्र तथा बण्ड | - | - | - | - | - | - | - |
| तिर्न बाँकी कर्जा सापट | ८८७,८३९ | ९१६,०३७ | १,१०६,९०५ | १,६३१,९९५ | २,५३०,३३५ | ३,२८५,३१४ | ४,२३२,८१९ |
| निक्षेप दायित्व | ४८१,५८९ | ५५०,००५ | ६६४,६६३ | ७८३,५३८ | ९६८,३९० | १,२५८,९०७ | १,५७३,६३४ |
| प्रस्तावित नगद लाभांश | - | - | - | - | - | - | - |
| आयकर दायित्व | ३,८०५ | १९,८६९ | १०,३५७ | २४,१३३ | ३७,७५१ | ८०,६१३ | १२२,१३९ |
| अन्य दायित्व | २१९,१६५ | २१४,२३५ | २६७,५३७ | ३५५,६५७ | ३०४,००८ | ३७९,१२० | ४७१,८०७ |
| जम्मा पूँजी तथा दायित्व | १,७१०,९३३ | १,८५२,७२९ | २,२७२,५२४ | ३,०६३,००२ | ४,१९९,६३१ | ५,७११,१९८ | ७,३९२,६३२ |

| सम्पत्ति | वास्तविक (रु.हजारमा) आ.ब. ०७१/०७२ | आ.ब. ०७२/०७३ | आ.ब. ०७३/०७४ | *आ.ब. २०७४/७५ चैत्र मसान्त | प्रक्षेपित (रु.हजारमा)** आ.ब. ०७४/०७५ | आ.ब. ०७५/०७६ | आ.ब. ०७६/०७७ |
|---|---|---|---|---|---|---|---|
| नगद मौज्दात | ५०४ | ४०४ | १,०७२ | | १,२३२ | १,४१७ | १,६३० |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | - | - | - | ५८,५८९ | - | - | - |
| बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात | ५०२,८६५ | १२६,१६२ | १६,०४३ | | १०८,८१९ | १७१,१४८ | २१४,८१२ |
| माग तथा अल्पसूचनामा प्राप्त हुने रकम | - | १५२,९९७ | ८६,९३९ | ३३,८३० | १२५,३०२ | १९७,०७१ | २४७,३४८ |
| लगानी | - | - | २,००० | २,००० | २,००० | २,००० | २,००० |
| कर्जा सापट तथा बिल खरिद | १,१३१,६३९ | १,४५२,८०७ | २,०७२,२०९ | २,७५८,२५७ | ३,८०५,९२३ | ५,१२१,८४६ | ६,६४८,९४४ |
| स्थिर सम्पत्ति | १०,२९५ | ९,३८० | १०,४७८ | १३,६०५ | २६,१०९ | ३४,४९४ | ४३,०३० |
| गैर बैंकिङ्ग सम्पत्ति | - | - | - | - | - | - | - |
| अन्य सम्पत्ति | ६५,६३० | ११०,९८० | ८३,७८५ | १९६,७२२ | १३०,२४७ | १८३,२२२ | २३४,८६८ |
| जम्मा सम्पत्ति | १,७१०,९३३ | १,८५२,७२९ | २,२७२,५२४ | ३,०६३,००२ | ४,१९९,६३१ | ५,७११,१९८ | ७,३९२,६३२ |

**नाफा-नोक्सान हिसाब**

| विवरण | वास्तविक (रु.हजारमा) आ.ब. ०७१/०७२ | आ.ब. ०७२/०७३ | आ.ब. ०७३/०७४ | *आ.ब. २०७४/७५ चैत्र मसान्त | प्रक्षेपित (रु.हजारमा)** आ.ब. ०७४/०७५ | आ.ब. ०७५/०७६ | आ.ब. ०७६/०७७ |
|---|---|---|---|---|---|---|---|
| व्याज आम्दानी | ४३,४५८ | २५७,१४५ | ३५४,१४३ | ३२१,१३९ | ५१५,४४२ | ७६५,१८२ | १,००९,२३५ |
| व्याज खर्च | १३,३१२ | ८२,९१२ | ११८,२८० | १५५,८१० | २५८,४७४ | ३७०,१७४ | ४७६,२६१ |
| खुद व्याज आम्दानी | ३०,१४६ | १७४,२३३ | २३५,८६३ | १६५,३२९ | २५६,९६८ | ३९५,००८ | ५३२,९७४ |
| कमिशन तथा अन्य सञ्चालन आम्दानी | ३,२४९ | २३,४०९ | ३४,९७६ | ३३,८५४ | ८४,६२० | १२०,६२० | १५७,८२८ |
| सटही घटबढ आम्दानी | - | - | - | - | - | - | - |
| कुल सञ्चालन आम्दानी | ३३,३९५ | १९७,६४१ | २७०,८३९ | १९९,१८३ | ३४१,५८८ | ५१५,६२८ | ६९०,८०२ |
| कर्मचारी खर्च | १४,०८१ | ११५,११५ | १०६,६७६ | ९५,५२७ | १२५,२१४ | १३९,६०४ | १५४,११८ |
| अन्य सञ्चालन खर्च | ६,२०० | २३,३५८ | २८,५६३ | २९,६८७ | ५९,९७४ | ६४,२१८ | ७२,०२८ |
| सटही घटबढ नोक्सान | - | - | - | - | - | - | - |
| सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा | १३,११४ | ५९,१६८ | १३५,६०० | ७३,९६९ | १५६,३९९ | ३११,८०६ | ४६४,६५७ |
| सम्भावित नोक्सानी व्यवस्थाहरु | ८५१ | २,०७२ | १७,६११ | ७,१०३ | १७,९८० | १६,२२६ | १६,८१५ |
| सञ्चालन मुनाफा | १२,२६४ | ५७,०९६ | ११७,९८९ | ६६,८६६ | १३८,४२० | २९५,५८० | ४४७,८४१ |
| गैर सञ्चालन आम्दानी/नोक्सान | - | (७७) | - | ३,२४५ | - | - | - |
| सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता | - | - | १,०७१ | - | - | - | - |
| नियमित कारोवारबाट भएको मुनाफा/खर्च | १२,२६४ | ५७,०१९ | ११९,०६० | ७०,१११ | १३८,४२० | २९५,५८० | ४४७,८४१ |
| असमान्य कारोवारबाट भएको मुनाफा/खर्च | - | - | - | - | - | - | - |
| सम्भावित नोक्सानी व्यवस्था पछिको खुद मुनाफा | १२,२६४ | ५७,०१९ | ११९,०६० | ७०,१११ | १३८,४२० | २९५,५८० | ४४७,८४१ |
| कर्मचारी बोनस व्यवस्था | १,११५ | ५,१८४ | १०,८२४ | ६,३७४ | १२,५८४ | २६,८७१ | ४०,७१३ |
| आयकर व्यवस्था | ३,६२९ | १७,५८६ | ३७,९४० | १९,१२१ | ३७,७५१ | ८०,६१३ | १२२,१३९ |
| यस वर्षको | ३,८०५ | १९,८६९ | ३७,०६३ | १९,१२१ | ३७,७५१ | ८०,६१३ | १२२,१३९ |
| गत वर्षको | - | - | ८३८ | - | - | - | - |
| पर सारिएको आयकर आम्दानी / (खर्च) | (१७५) | (२,२८४) | ३९ | - | - | - | - |
| खुद नाफा/ नोक्सान | ७,५१९ | ३४,२५० | ७०,२९६ | ४४,६१६ | ८८,०८५ | १८८,०९६ | २८४,९९० |

*लेखापरिक्षकबाट प्रमाणित अपरिष्कृत वित्तीय विवरण

**नाफा नोक्सान बाँडफाँड हिसाब**

| विवरण | वास्तविक (रु.हजारमा) आ.ब. ०७१/०७२ | आ.ब. ०७२/०७३ | आ.ब. ०७३/०७४ | प्रक्षेपित (रु.हजारमा)** आ.ब. ०७४/०७५ | आ.ब. ०७५/०७६ | आ.ब. ०७६/०७७ |
|---|---|---|---|---|---|---|
| आम्दानीः | | | | | | |
| गत वर्षसम्मको संचित मुनाफा | (१,४०६) | ४,४३४ | २९,००६ | ८०,७२७ | १४५,६७७ | २०८,२०४ |
| यस वर्षको मुनाफा | ७,५१९ | ३४,२५० | ७०,२९६ | ८८,०८५ | १८८,०९६ | २८४,९९० |
| सटही घटवढ कोष | - | - | - | - | - | - |
| जम्मा | ६,११३ | ३८,६८४ | ९९,३०२ | १६८,८१२ | ३३३,७७३ | ४९३,१९४ |
| खर्चः | | | | | | |
| गत वर्षसम्मको संचित नोक्सान | - | - | - | - | - | - |
| यस वर्षको नोक्सान | - | - | - | - | - | - |
| साधरण जगेडा कोष | १,५०४ | ६,८५० | १४,०५९ | १७,६१७ | ३७,६१९ | ५६,९९८ |
| भैपरी आउने जगेडा (पर सारेको कर) | - | - | - | - | - | - |
| संस्था विकास कोष | - | - | - | - | - | - |
| लाभांश समीकरण कोष | - | - | - | - | - | - |
| कर्मचारी सम्बन्धी जगेडाहरु | - | - | - | - | - | - |
| प्रस्तावित लाभांश | - | - | - | - | - | - |
| प्रस्तावित बोनस शेयर जारी | - | - | - | - | ८०,००० | १२०,००० |
| विशेष जगेडा कोष | - | - | - | - | - | - |
| सटही घटबढ कोष | - | - | - | - | - | - |
| पूँजी फिर्ता जगेडा कोष | - | - | - | - | - | - |
| पूँजी समायोजन कोष | - | - | - | - | - | - |
| स्थगन कर जगेडा | १७५ | २,२८४ | (३९) | - | - | - |
| ग्राहक संरक्षण कोष | - | ३४२ | ७०३ | ८८१ | १,८८१ | २,८५० |
| संस्थागत सामाजिक उत्तरदायित्व कोष | | | ७०३ | ८८१ | १,८८१ | २,८५० |
| कर्मचारी दक्षता अभिवृद्धी कोष | | | ३,३३२ | ३,७५६ | ४,१८८ | ४,६२४ |
| गत वर्षको खर्च समायोजन | - | २०२ | (१८३) | - | - | - |
| जम्मा | १,६७९ | ९,६७८ | १८,५७५ | २३,१३५ | १२५,५६९ | १८७,३२१ |
| संचित मुनाफा/(नोक्सान) | ४,४३४ | २९,००६ | ८०,७२७ | १४५,६७७ | २०८,२०४ | ३०५,८७३ |

**नेटवर्थ सम्बन्धी विवरण**

| विवरण | वास्तविक (रु.हजारमा) आ.ब. ०७१/०७२ | आ.ब. ०७२/०७३ | आ.ब. ०७३/०७४ | प्रक्षेपित (रु.हजारमा)** आ.ब. ०७४/०७५ | आ.ब. ०७५/०७६ | आ.ब. ०७६/०७७ |
|---|---|---|---|---|---|---|
| चुक्ता पूँजी | ११२,००० | ११२,००० | ११२,००० | २४०,००० | ४८०,००० | ६००,००० |
| जगेडा तथा कोषहरु | ६,५३५ | ४०,५८३ | १११,०६२ | ११९,१४८ | २२७,२४४ | ३९२,२३४ |
| जम्मा | ११८,५३५ | १५२,५८३ | २२३,०६२ | ३५९,१४८ | ७०७,२४४ | ९९२,२३४ |
| घटाउनेः अपलेखन गर्न बाँकी खर्च | - | - | - | - | - | - |
| जम्मा नेटवोर्थ | ११८,५३५ | १५२,५८३ | २२३,०६२ | ३५९,१४८ | ७०७,२४४ | ९९२,२३४ |
| शेयर संख्या हजारमा | १,१२० | १,१२० | १,१२० | २,४०० | ४,८०० | ६,००० |
| प्रति शेयर नेटवोर्थ (रु.) | १०५.८३ | १३६.२३ | १९९.१६ | १४९.६४ | १४७.३४ | १६५.३७ |
| नेटवर्थमा प्रतिफल (%) | ६.३४ | २२.४५ | ३१.५१ | २४.५३ | २६.६० | २८.७२ |
| प्रति शेयर आम्दानी | ६.७१ | ३०.५८ | ६२.७६ | ३६.७० | ३९.१९ | ४७.५० |
| प्रति शेयर चुक्ता पूँजी (रु.) | १००.०० | १००.०० | १००.०० | १००.०० | १००.०० | १००.०० |

**विगत ३ वर्षको नेटवर्थमा भएको औसत प्रतिफल :** २०.१०%

** प्रक्षेपित वित्तीय विवरण कम्पनी आफैले तैयार गरेको हो र सो विवरणहरु औचित्यपूर्ण र यथार्थपरक रहेको प्रमाणित गर्ने विशेषज्ञमा श्री शंकर एशोसिट्सका चार्टर्ड एकाउण्टेण्ट श्री शंकर थापा रहनु भएको छ।

**वित्तीय संस्थाको वित्तीय प्रक्षेपणका आधारहरु :**

| विवरण | प्रक्षेपित (%) आ.ब.०७४/०७५ | आ.ब.०७५/०७६ | आ.ब.०७६/०७७ |
|---|---|---|---|
| कुल निक्षेपमा औषत बृद्धिदर (प्रतिशतमा) | ४५.७० | ३०.०० | २५.०० |
| कुल कर्जा तथा सापटमा औषत बृद्धिदर (प्रतिशतमा) | ८१.४८ | ३४.१४ | २९.५० |
| कुल आयमा औषत बृद्धिदर | ४५.५५ | ४८.४५ | ३१.८९ |
| कुल खर्चमा औषत बृद्धिदर | ३६.९३ | १०.०६ | १०.९५ |
| संचालन खर्च तथा कुल आम्दानी अनुपात | ०.०८ | ०.१२ | ०.०८ |
| खुद मुनाफामा औषत बृद्धिदर | २५.३१ | ११३.५४ | ५१.५१ |
| निक्षेपको औषत ब्याजदर (प्रतिशतमा) | ८.२१ | ८.६२ | ८.७७ |
| कर्जा तथा सापटको औषत ब्याजदर (प्रतिशतमा) | १३.५४ | १४.९४ | १५.१८ |
| आयकर ब्यवस्था (प्रतिशतमा) | ३०.०० | ३०.०० | ३०.०० |
| निस्क्रिय कर्जा सापट (प्रतिशतमा) | १.६७ | १.३० | १.०३ |
| अन्य संचालन खर्चका वृद्धिदर | १०९.९७ | ७.०८ | १२.१६ |
| कर्मचारी खर्चमा बृद्धिदर | १७.३८ | ११.४९ | १०.४० |
| तरलता (CRR) | ०.०१ | ०.०१ | ०.०१ |
| बैधानिक तरलता अनुपात (SLR) | ०.०३ | ०.०४ | ०.०४ |
| पूँजीकोष पर्याप्तता (CAR) | १०.३९ | १३.०८ | १७.८९ |
| तिर्न बाँकी कर्जा सापट | १२८.६० | २९.८४ | २८.८४ |

- **स्थिर सम्पत्ति तथा ह्रासकट्टी आधारः**
  १. संस्थाको अचल सम्पत्तिलाई ऐतिहासिक लागत अवधारणाको आधारमा सम्पत्ति खरीदसँग सम्बद्ध अन्यखर्चहरु समेत सोही स्थिर सम्पत्ति समावेश गरी पूँजीकरण गरिएको छ।
  २. अचल सम्पत्तिहरुको ह्रास कट्टी आयकर ऐन, २०५८ बमोजिम घट्दो ह्रास प्रणाली (Diminishing Balance Method) को आधारमा लेखांकन गरिएको छ। विभिन्न वर्गका सम्पत्तिमा निम्न लिखित दरमा ह्रासकट्टी गर्ने गरिएको छ।
  कार्यालय संचालन उपकरण, कम्प्यूटर-२५% फर्निचर-२५% सवारी साधन-२०%

  **आयकर व्यवस्थाः**
  **चालु आयकर व्यवस्था (Current Tax Provision):** कम्पनीले आयकर ऐन, २०५८ र सोमा समय समयमा आर्थिक ऐनले गरेको संशोधनको आधारमा आयकर व्यवस्था गरिएको छ।
- **कर्जा नोक्सानी व्यवस्था सम्बन्धी आधार :** नेपाल राष्ट्र बैंकको निर्देशनको परिधिभित्र रही आवश्यकता अनुसार कर्जा नोक्सानी व्यवस्था कायम गरिएको छ।
- **नाफा/नोक्सान हिसाबमा आम्दानी र खर्च जनाउने आधारः**

***आम्दानी जनाउने आधारः***

१. ***ब्याज आम्दानीः*** कर्जा तथा सापटको ब्याज आम्दानीलाई नेपाल राष्ट्र बैकको निर्देशिका अनुसार नगद प्राप्ति आधार (Cash Basis) मा आम्दानी जनाउने गरिएको छ, जुन नेपाल लेखामान अनुरुप छैन, जसले आम्दानीलाई आर्जनको आधारमा लेखाङ्क नगर्ने गरी तोकेको छ। लगानी उपरको व्याज भने पाकेको आधारमा आम्दानी बाँधिएको छ। यसका लागि कर्जा तथा सापटमा औषत १७ प्रतिशत ब्याजदरको आधारमा ब्याज आम्दानी लेखाङ्कन गरिएको छ।
२. ***सेवा शुल्क :*** सेवा शुल्कको आम्दानी नगद प्राप्तिको आधार (Cash Basis) मा आम्दानी जनाईएको छ। सेवा शुल्कको लेखाङकन कर्जा तथा सापटको लगानीमा १.५ प्रतिशत दरको आधारमा गरिन्छ जुन ब्याज आम्दानीको करिब १५ प्रतिशत हुने हुँदा सोहि अनुरुप प्रक्षेपण गरिएको छ।
३. ***कर्मचारी कर्जा वापत व्याज आम्दानी :*** कर्मचारी कर्जा वापत व्याज आम्दानी कर्मचारी सापटी र पेश्कीमा ६ प्रतिशत ब्याजदरको आधारमा आम्दानी लेखाङ्कन गरिएको छ।

**खर्च जनाउने आधार :**

१. उपार्जन (Accrual) लेखा सिद्धान्तको आधारमा सम्पुर्ण नगद भुक्तान भएको र भुक्तानी हुनु पर्ने खर्चलाई लेखाङ्कन गरिएको छ।
२. ***ब्याज खर्च :*** सम्पूर्ण निक्षेप दायित्व तथा अन्य बैंकबाट लिएको सापटीमा तिर्नु पर्ने ब्याजलाई पाकेको आधारमा लेखाङ्कन गरिएको छ। यसका लागि औषत निक्षेप दायित्वको ८ प्रतिशतको दरले तथा अन्य बैकबाट लिएको औषत सापटीमा ९ प्रतिशतको दरको आधारमा ब्याज खर्च लेखाङ्कन गरिएको छ।
३. ***कर्मचारी खर्च :*** तलब भत्ता लगायतका बिभिन्न कर्मचारी खर्चहरु आ.व. २०७४/७५, आ.व.२०७५/७६ र आ.व.२०७६/७७ का लागि क्रमशः १७.३८, ११.४९, १०.४० प्रतिशतका दरले बृद्धि हुने प्रक्षेपण गरिएको छ। सञ्चय कोषको ब्यवस्था कर्मचारी सेवा विनियमावली अनुसार सञ्चय कोषको ब्यवस्था गरिएको छ। सञ्चयकोषमा योगदान गरिएको समयमा नै खर्च जनाइएको छ। कर्मचारी खर्च अन्तर्गका विभिन्न खर्चहरुको बृद्धिदरको प्रक्षेपण निम्न बमोजिम गरिएको छ :

| विवरण | आ.व.२०७४/७५ | आ.व.२०७५/७६ | आ.व.२०७६/७७ |
|---|---|---|---|
| १. तलब | १२.०० | १०.०० | १०.०० |
| २. भत्ता | १०.०० | १०.०० | १०.०० |
| ३. सञ्चयकोष थप | १४.७१ | १०.०० | १०.०० |
| ४. तालिम खर्च | २,७९०.०० | १०.०० | १०.०० |
| ५. पोशाक | - | - | - |
| ६. औषधोपचार | १८.५६ | १०.०० | १०.०० |
| ७. वीमा | १०.०० | १०.०० | १०.०० |
| ८. विदा वापतको व्यवस्था | २३.८१ | २५.०० | २५.०० |
| ९. पेन्सन तथा उपदान व्यवस्था | २२.८७ | २५.०० | २५.०० |
| १०. सवारी साधन मर्मत तथा इनधन खर्च | १०.०० | १०.०० | १०.०० |
| ११. अन्य खर्च | - | १०.०० | १०.०० |

नेपाल राष्ट्र बैंकको नितिका कारण तालिम खर्चमा २,७९०% ले वृद्धिदर देखिएको छ।

५. ***अन्य सञ्चालन खर्च :*** अन्य सञ्चालन खर्चको कुल बार्षिक बृद्धिदरको प्रक्षेपण आ.व.२०७४/७५, आ.व.२०७५/७६ र आ.व.२०७६/७७ का लागि क्रमशः १०९.९७, ७.०८, १२.१६ प्रतिशत हुने गरि निम्न अनुसार प्रक्षेपित गरिएको छः

| विवरण | आ.व.२०७४/७५ | आ.व.२०७५/७६ | आ.व.२०७६/७७ |
|---|---|---|---|
| १. घरभाडा | ६५.११ | १०.०० | १०.०० |
| २. बत्ती, विजुली र पानी | | | |
| ३. मर्मत तथा सम्भार | | | |
| क. भवन | | | |
| ख. सवारी साधन | १४.४२ | १०.०० | १०.०० |
| ग. अन्य | (६३.८४) | १०.०० | १०.०० |
| ४. वीमा | ४,१५३.४७ | १०.०० | १०.०० |
| ५. पोष्टेज, टेलेक्स, टेलिफोन, फ्याक्स | ५.४१ | १०.०० | १०.०० |
| ६. कार्यालय उपकरण फर्निचर र सम्भार | ४३५.४३ | १०.०० | १०.०० |
| ७. भ्रमण भत्ता र खर्च | ६९.१८ | १०.०० | १०.०० |
| ८. मसलन्द र छपाई | ४४.०६ | १०.०० | १०.०० |
| ९. पत्रपत्रिका तथा पुस्तक | १७९.९२ | १०.०० | १०.०० |
| १०. विज्ञापन तथा प्रवर्द्धन | (१०.९१) | १०.०० | १०.०० |
| ११. कानूनी तथा अन्य परामर्श खर्च | - | १०.०० | १०.०० |
| १२. चन्दा | १०५.१६ | १०.०० | १०.०० |
| १३. सञ्चालक समिति सम्बन्धी खर्च | | | |
| क. बैठक भत्ता | ८१.५३ | १०.०० | १०.०० |
| ख. अन्य खर्च | ७०९.३९ | १०.०० | १०.०० |
| १४. साधारण सभा सम्वन्धी खर्च | | १०.०० | १०.०० |
| १५. लेखापरिक्षण सम्बन्धी | | | |
| क. लेखापरीक्षण शूल्क | १३६.९१ | १०.०० | १०.०० |
| ख. अन्य खर्च | ५१.२९ | १०.०० | १०.०० |
| १६. रकम स्थानान्तरण कमिशन | (५३.२३) | १०.०० | १०.०० |
| १७. स्थिर सम्पत्तिमा ह्रास कट्टी | १७२.७७ | २४.०९ | २३.७३ |
| १८. पूर्व संचालन खर्च अपलेखन | | | |
| १९. शेयर निष्काशन खर्च | | (६२.५०) | १०.०० |
| २०. प्राविधिक सेवा सोधभर्ना | | | |
| २१. मनोरञ्जन खर्च | ३३.८५ | १०.०० | १०.०० |
| २२. अपलेखन खर्च | (१००.००) | | |
| २३. सुरक्षा खर्च | | | |
| २४. कर्जा सुरक्षण प्रिमियम | | | |
| २५. कमिशन र डिस्काउन्ट | | | |
| २६. अन्य | | | |
| क. कार्यालय सहयोगी खर्च | ६०.६९ | १०.०० | १०.०० |
| ख. किचेन सामाग्री तथा ग्यासको खर्च | ३४.८४ | १०.०० | १०.०० |
| ग. सफ्टव्यर मर्मत खर्च | ४६३.५६ | १०.०० | १०.०० |
| घ इन्धन खर्च | ८.०३ | १०.०० | १०.०० |
| ङ. दर्ता, नविकरण तथा अतिरिक्त कर | ८०.३६ | १०.०० | १०.०० |
| च. इमेल तथा इन्टरनेट खर्च | | १०.०० | १०.०० |
| छ. नँया शाखा सञ्चालन खर्च | | १०.०० | १०.०० |
| ज. कार्यालय बैठक तथा समिक्षा | १६३.२४ | १०.०० | १०.०० |

**कर्मचारी सापटी :** कर्मचारी सेवा विनियमावली अनुरुप दिईएको सापटीलाई अन्य सम्पत्तिहरु अन्तर्गत कर्मचारी सापटी शिर्षकमा राखिएको छ। यस्तो सापटी रकम प्रत्येक वर्ष रु. एक करोडले बढ्दै जाने प्रक्षेपण गरिएको छ।
**अन्य दायित्वः** अन्य दायित्व अन्तर्गत रहेको कर्मचारी वोनस व्यवस्था, निक्षेपमा भुक्तानी दिन बांकी ब्याज र शाखा मिलान हिसाब बाहेकका हिसाबमा ५ प्रतिशतको बृद्धिदरको प्रक्षेपण गरिएको छ।
**कर्मचारी बोनसः** कर्मचारी बोनस, बोनस ऐन, २०३० बमोजिम गणना गर्ने गरिएको छ।
**साधारण जगेडा कोषः** साधारण जगेडा कोषमा प्रत्येक आ.व.को कर पछिको नाफाबाट २० प्रतिशत रकम छुट्ट्याइएको छ।
**ग्राहक संरक्षण कोष**
ग्राहक संरक्षण कोषमा प्रत्येक आ.व.को कर पछिको नाफाबाट १ प्रतिशत रकम छुट्ट्याइएको छ।
वित्तीय संस्थाले सुरक्षणका रूपमा आफ्नो सम्पत्ति धितो राखी कुनै कर्जा लिएको छैन।
वित्तीय संस्थाको कुनै प्रकारको गैर बैकिङ्ग सम्पत्ति रहेको छैन।
कर्मचारीहरुलाई आवास कर्जा उपलब्ध गराउने व्यवस्था भएकोले श्रम ऐन, २०४८ अनुरुप गर्नुपर्ने कर्मचारी आवास व्यवस्थाको लागि कुनै व्यवस्था गरेको छैन।
ह्रास कट्टी आधार नेपाल लेखामान (Nepal Accounting Standard) सँग सामाञ्जस्यता छैन।
Going Concern यो प्रक्षेपित वित्तीय विवरण Going Concern मान्यताका आधारमा तयार पारिएको छ।

## १४. अर्न्तनिहित जोखीम तथा सो व्यवस्थापनको लागि व्यवस्थापनको धारणा :

**क) वित्तीय साधनको अभावबाट हुने जोखिम :**
- निक्षेप तथा कर्जाको व्याजदरमा आउने परिवर्तन बाट हुन सक्ने जोखिमहरु।
- नेपालको बजारमा हुने आर्थिक मन्दीबाट पर्न सक्ने असरबाट हुन सक्ने आर्थिक जोखिमहरु।

**ख) कच्चा पदार्थको अभावबाट हुने जोखिम :**
- सो नभएको।

**ग) उत्पादन वा सेवाको बजारको स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम :**
- नयाँ लघुवित्त वित्तीय संस्थाहरुको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुनसक्ने जोखिमहरु।

**घ) आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिबृद्धि (Cost Overrun) को जोखिम :**
- सो नभएको।

**ङ) विदेशी विनिमयको जोखिम :**
- सो नभएको।

**च) कानूनी प्रक्रियाहरु तथा इजाजत प्राप्त गर्नुपर्ने भए सोबाट पर्न सक्ने अवरोधहरू :**
- सो नभएको।

**छ) क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम :**
- अन्तर्राष्ट्रिय अन्तराष्ट्रिय बजारमा हुने मन्दीबाट नेपाली बजारमा पर्नसक्ने असरबाट हुनसक्ने आर्थिक जोखिमहरु।
- पूँजी बजारको अवस्थामा आउने उतार-चढावबाट पर्नसक्ने जोखिमहरु।

**ज) सरकारी नीति तथा नियमहरूमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिम :**
- नेपाल सरकार तथा अन्य नियमन निकायहरुको आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट श्रृजना हुनसक्ने सम्भावित जोखिमहरु।

**भ) सञ्चालन अनुभवको अभाव :**
- यस वित्तीय संस्थाले आफ्नो कारोवार २०७२ साल जेष्ठ १ गते देखि सञ्चालन गरेको हुदा कम्पनीको कारोवारको सञ्चालनको इतिहास करिब ३ वर्ष रहेको छ।

**ञ) प्रविधीको परिवर्तनबाट हुने सक्ने जोखिम :**
- नयाँ नयाँ सूचना प्रविधिहरुको विकाससँगै उत्पन्न हुन सक्ने जोखिमहरु।

**ट) अन्य :**
- देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु।
- देशको आर्थिक अवस्थामा आउने उतार-चढावबाट हुनसक्ने जोखिमहरु।

उपरोक्तानुसारको जोखिमहरुलाई न्यून वा व्यवस्थापन गर्ने सम्बन्धमा व्यवस्थापनको योजना
लघुवित्त वित्तीय संस्थाको कर्जा तथा लगानी खराब भई हुनसक्ने जोखिमहरुको लागि संस्थाले कर्जा तथा लगानी जोखिम कोषको व्यवस्था गर्नेछ। लघुवित्त वित्तीय संस्थाले वित्त बजारमा हुने प्रतिस्पर्धाको साथै क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिमहरु न्यूनीकरण गर्नका लागि जनशक्ति विकासमा ध्यान पुऱ्याउनुको साथै अन्य व्यावसायिक जोखिमहरुबाट श्रृजना हुनसक्ने हानि-नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानि-नोक्सानी कम गर्न सक्षम र प्रतिबद्ध छ। त्यस्तै अन्य विभिन्न जोखिमहरु न्यूनीकरणका लागि प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली, समयानुसारको आधुनिक प्रविधि, स्पष्ट नीति तथा नियमहरुको निर्माण एवम् समयानुसार आफ्नो सेवा तथा सुविधाहरुमा परिवर्तन गर्दै लगिने संस्थाको नीति रहेको व्यहोरा जानकारी गराउँछौं।

**धितोपत्र मूल्य परिवर्तन सम्बन्धी जोखिमः**

निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् धितोपत्र बजारमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ।

## १५. धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गरेको धितोपत्रको संख्या र रकम :

यस विवरणपत्र मार्फत निष्काशन गर्न लागिएको धितोपत्र मध्ये ५०% ले हुन आउने २,४०,००० कित्ता शेयरका लागि श्री एनएमबि क्यापिटल लिमिटेड, नागपोखरीद्वारा प्रत्याभूति सेवा प्रदान गरिएको छ। उक्त प्रत्याभूति सेवा प्रदान गरे वापत श्री एनएमबि क्यापिटल लिमिटेडलाई रु.१,००,०००/- प्रदान गरिएको छ।

## १६. सकारात्मक पक्षहरु :

- बैंकिङ्ग तथा वित्तीय क्षेत्रमा अनुभवी तथा दक्ष व्यवस्थापकहरुद्वारा सञ्चालित।
- स्थापनाकाल देखिनै पूर्णरुपमा कम्प्यूटरकृत छिटो, छरितो, विश्वसनीय तथा अत्याधुनिक लघुवित्त सेवा प्रदान गर्दै आईरहेको।
- द्रुत गतिमा व्यवसाय विस्तार गर्न सफल रहेको।

## १७. धितोपत्र बाँडफाँड, फिर्ता भुक्तानी तथा सूचिकरण सम्बन्धी ब्यवस्था :

१. **अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँडको प्रकिया :**
यस विवरणपत्र मार्फत जारी गरिएको साधारण शेयर संख्या भन्दा बढी संख्यामा साधारण शेयर खरीदको लागी दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको प्रचलित धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार साधारण शेयरहरु बाँडफाँड गरिनेछ र शेयर बाँडफाँड सम्बन्धी सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ। यदि निष्काशन गरिएको शेयरको संख्या भन्दा कम शेयर खरीदको लागि दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको प्रचलित व्यवस्था तथा निर्देशन बमोजिम सञ्चालक समितिले निर्णय गरी बिक्री वितरण तथा बाँडफाँड गरिनेछ।

२ **अत्याधिक माग भएको वा बाँडफाँड नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्था :**
आस्वा अनिवार्य भएको अवस्थामा "धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३" अनुरुप आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाबाट आवेदन दिने आवेदकहरुको सम्बन्धित बैंक तथा वित्तीय संस्थाले नै बाँडफाँडमा नपर्ने लगानीकर्ताको धितोपत्र खरीदको आवेदन बमोजिम रोक्का राखेको खाताको रकम मात्र रोक्का फुकुवा गरिदिनेछ।

३ **निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने ब्याजदर :**
उपरोक्त ब्यवस्था आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाबाट आवेदन दिने आवेदकहरुको हकमा लागु हुने छैन।

४ **धितोपत्र बाँडफाँड तथा प्रमाणपत्र जारी सम्बन्धी प्रकृया र समयावधि :**
निष्कासन गरिने साधारण शेयर प्रचलित धितोपत्र निष्कासन निर्देशिका, तथा प्रचलित शेयर बाँडफाँड सम्वन्धी व्यवस्था अनुसार साधारण शेयरको बाँडफाँड गरी तोकिएको समयावधि भित्र डिम्याट खातामा जम्मा गरिनेछ।

५ **धितोपत्र सूचीकरण भई सकेको भए, त्यस्तो धितोपत्र सूचिकरण गरिएको धितोपत्र बजारको नाम र धितोपत्रको कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्बन्धी विवरण :**
हाल सम्म सूचीकरण भई नसकेको।

६ **धितोपत्र सूचीकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्र प्रचलित ऐन नियम अनुसार सहज खरीद, बिक्री वा विनिमय हुन सक्ने गराउनका लागि गरिने व्यवस्था सम्बन्धी विवरण :**
निष्कासन गरिने साधारण शेयरको बाँडफाँड पश्चात धितोपत्र निष्कासन निर्देशिकामा भएको व्यवस्था अनुसार निर्धारित अवधिभित्र सर्वसाधारणलाई सार्वजनिक निष्काशन गरिने धितोपत्र सूचिकरण गराई शेयर खरिद बिक्रीको व्यवस्था मिलाइने छ।

## १८. संगठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाब र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ र समयः

कार्यालय समयभित्र निम्न लिखित स्थानहरुमा कम्पनीको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाब तथा नगद प्रवाहको विवरण प्राप्त गर्न वा निरीक्षण गर्न सकिने छ।
१. कम्पनीको रजिष्टर्ड कार्यालय गजुरी-१, धादिङ्ग।
२. नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड, नक्साल, काठमाडौं।

## १९. नियमावली, प्रवन्धपत्र प्राप्त गर्ने वा हेर्न सकिने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुल गुणाङ्कमा लिन सकिने हो सो सम्बन्धी विवरण :

१. कम्पनीको रजिष्टर्ड कार्यालय गजुरी-१, गजुरी, धादिङ्ग तथा नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड, नक्साल, काठमाडौंमा कार्यालय समयभित्र सम्पर्क राखी कम्पनीको प्रबन्धपत्र तथा नियमावली प्राप्त गर्न वा हेर्न सकिनेछ।
२. यस विवरणपत्र मार्फत निष्काशन गरिने शेयर खरीदका लागि दरखास्त दिँदा दरखास्तवालाले दरखास्तसाथ आफूले खरीद गर्न चाहेको साधारण शेयर संख्याको प्रति शेयर रु.१००/- का दरले हुन आउने एकमुष्ट रकम यस निष्काशनको लागि तोकिएको आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थामा जम्मा गरी दरखास्त दिनु पर्नेछ।
३. यस विवरणपत्र मार्फत निष्काशन गरिने शेयरको लागि दरखास्त दिँदा दरखास्तवालाले न्युनतम २० (बीस) कित्ता र १० अंकको गुणाङ्कमा अधिकतम २,४०० (दुई हजार चार सय) कित्तासम्म शेयर खरीद गर्नका लागि दरखास्त दिन सकिनेछ।

## २०. आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय नम्बर र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोबार गरिनुपर्ने जस्ता पक्षहरु :

१. कुनै पनि नेपाली नागरिकले यस विवरणपत्र अनुसार जारी गरिने शेयर खरिद गर्न आवेदन दिन सक्नेछन्। संघ संस्था वा कम्पनीले यस विवरणपत्र मार्फत निष्काशन गरिएको शेयरका लागि आवेदन दिन पाँउने छैनन्। निष्काशित सम्पूर्ण धितोपत्रका लागि सर्वसाधारण नेपाली नागरिकबाट आवेदन नआएको खण्डमा मात्र नेपाली संघ संस्था वा कम्पनीले आवेदन प्राप्त हुन नआएका शेयरका लागि आवेदन दिन सक्ने छन् र सो को जानकारी निष्काशन तथा विक्री प्रबन्धकले सार्वजनिक सूचना मार्फत जानकारी गराउनेछ।
२. आवेदकले सि-आस्वा प्रणालीबाट आफ्नो खाता रहेको बैंक तथा वित्तीय संस्था मार्फत मात्र आवेदन दिनुपर्नेछ।
३. आवेदकले आवेदन दिनुपूर्व आफ्नो खाता रहेको सम्बन्धित बैंक तथा वित्तीय संस्थामा गई धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतिय सेवा कार्य सञ्चालन निर्देशिका, २०७४ को अनुसूचि ४ बमोजिमको सि-आस्वा रजिष्ट्रेशन फारम भरी CRN नं. लिनु पर्नेछ।
४. आवेदकको बैंक खातामा भएको विवरण र अनुसूचि ४ मा उल्लेख गरेको विवरण मिल्नुपर्नेछ।
५. आवेदकले CRN नं. प्राप्त गरेपश्चात शेयर खरीदका लागि तोकिएको ढाँचामा सम्बन्धित बैंक तथा वित्तीय संस्थामा धितोपत्र खरीदका लागि आवेदन दिनुपर्नेछ।
६. आवेदकले आवेदन फारममा उल्लेख गरेको हितग्राही परिचय नं. र अन्य विवरण सि-आस्वा सफ्टवेयरमा रहेको आवेदकको हितग्राही खाता र अन्य विववरण संग रुजु हुनुपर्नेछ।
७. आवेदकले आवेदन फारम बुझाउँदा देहायका कुराहरुमा विशेष ध्यान दिई स्पष्टसंग आवेदन फारम भरी बुझाउनु पर्नेछ :
क. धितोपत्र निष्कासनकर्ता कम्पनीको नाम।
ख. आवेदकको नाम, थर, ठेगाना, नागरिकता नं., दस्तखत, सम्पर्क फोन नं., इमेल ठेगाना।
ग. नावालक र विक्षिप्त व्यक्तिको हकमा संरक्षकको नाम, थर र नाता।
घ. खरिद गर्न चाहेको धितोपत्रको संख्या (अंक र अक्षरमा)।
ङ. खरिद गर्न चाहेको धितोपत्र वापतको रकम (अंक र अक्षरमा)।
च. आवेदकको खाता रहेको बैंकको नाम, ठेगाना, खाता नं. र खाताको किसिम।
छ. आवेदकको हितग्राही (डिम्याट) खाता नम्बर।
८. आवेदकहरुले आवेदन दिंदा सि-आस्वा सदस्य बैंकहरुमा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्क्रिय (Dormant) रहेको हुनुहुँदैन।
९. आवेदन दिएको रकम बराबरको रकम खातामा हुनु पर्नेछ।
१०. एक व्यक्तिले आफूले खरिद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिने पाइने छैन। यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्द गरिनेछ।
११. धितोपत्र खरीदको लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरीद गरेको धितोपत्र वापतको रकम भुक्तानी नहुँदै प्रचलित कानुन बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा विक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई आदेश बमोजिम गर्नेछ।
१२. धितोपत्र बाँडफाँड गर्नुपूर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा विक्री प्रबन्धकलाई दिनुपर्नेछ।
१३. सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट उपलब्ध गराईएको "मेरो शेयर" सफ्टवेयरबाट पनि आवेदकले आवेदन गर्न सक्नेछन्। त्यसकालागि आवेदकले आफ्नो हितग्राही खातामा बैंक खाताको विवरण उल्लेख गरिसकेको हुनुपर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट CRN नं. लिईसकेको हुनुपर्नेछ।
१४. शेयरको बाँडफाँड गरी सूचिकरण भए पश्चात बाँडफाँडमा परेका आवेदकहरुलाई बाँडफाँडमा परेको शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिने छ।
१५. यस विवरणपत्र मार्फत निष्काशन गरिने शेयरकालागि न्यूनतम २० (बीस) कित्ता तथा सो भन्दा बढीकालागि १० अंकले भाग जाने संख्यामा अधिकतम २,४०० (दुई हजार चार सय) कित्ता सम्मका लागि आवेदन दिन सकिनेछ।

## २१. धितोपत्र निष्काशनबाट प्राप्त पूँजीको उपयोग :

| सि.नं. | विवरण | रकम (रु.) |
|---|---|---|
| १. | पशुपालन तथा कृषि कर्जा | रु. २,५०,००,०००/- |
| २. | खुद्रा व्यापार र सेवा कर्जा | रु. ९०,००,०००/- |
| ३. | वैकलपिक उर्जा कर्जा | रु. ५०,००,०००/- |
| ४. | शाखा विस्तार | रु. ९०,००,०००/- |
| | जम्मा | रु. ४,८०,००,०००/- |

## २२. निष्काशन बैंक (Bankers to the Issue) :

धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ पूर्ण रुपमा लागु भईसकेको सन्दर्भमा सो व्यवस्था लागु नहुने।

## २३. विवरणपत्र तथा दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान :

| सि.नं. | विवरण-पत्र गर्ने स्थानको नाम र ठेगानाः |
|---|---|
| १. | नविल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड, नक्साल, काठमाडौं, वेवसाइट : www.nabilinvest.com.np |
| २. | नाडेप लघुवित्त वित्तीय संस्था लिमिटेड, गजुरी-१, धादिङ्ग, वेवसाइट : www.nadeplaghubitta.com |
| **सि.नं.** | **दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान :** |
| १ | नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण सि-आस्बा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरु। |

## २४. धितोपत्र बिक्री खुला अबधि :

यस विवरण-पत्र द्वारा निष्काशन गरिएको साधारण शेयरको लागि आवेदन दिने अवधि कम्तीमा ४ दिन तथा अधिकतम ३० दिनको लागि हुनेछ।

## २५. क्रेडिट रेटिङ्ग सम्बन्धी ब्यवस्था :

नेपाल धितोपत्र बोर्डबाट क्रेडिट रेटिङ्ग सम्बन्धी कार्य गर्न अनुमति प्राप्त संस्था ईक्रा नेपाल लिमिटेडले यस वित्तीय संस्था लिमिटेडले जारी गर्न लागेको साधारण शेयरलाई औषत भन्दा तल आधारहरु (Below Average Fundemantals) जनाउने "[ICRANP IPO Grade 4+" ग्रेडिङ्ग प्रदान गरेको छ। इक्रा नेपालले १ देखि ५ प्वाइन्ट स्केलमा ग्रेडिङ्ग प्रदान गर्दछ जसमा ग्रेड १ ले बलियो आधार जनाउँछ भने ग्रेड ५ ले कमजोर आधार जनाउँछ। ग्रेड २, ३, र ४ मा प्रदान गरिने (plus) चिन्हले त्यस समूहका तुलनात्मक सकरात्मक स्थितिलाई जनाउँदछ।

## २६. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :

निष्काशित धितोपत्र सम्बन्धी लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड, नक्साल, काठमाडौंका श्री विश्वनाथ उप्रतीलाई ०१-४४११६०४ मा सम्पर्क गर्न सकिनेछ।

**साधारण शेयरको बिक्री खुल्ला अवधिः**

| | |
|---|---|
| **निष्काशन खुल्ला मिति** | **: २०७५/०३/१० गते** |
| **निष्काशन बन्द हुने मिति (छिटोमा)** | **: २०७५/०३/१३ गते (बैंकिङ्ग समय पश्चात्)** |
| **निष्काशन बन्द हुने मिति (ढिलोमा)** | **: २०७५/०४/०७ गते (बैंकिङ्ग समय पश्चात्)** |

**निष्काशन तथा बिक्री प्रबन्धकः**

**NABIL INVESTMENT BANKING LTD.**
(A Subsidiary of Nabil Bank Ltd.)
**नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड**
तेस्रो तल्ला, सेन्ट्रल प्लाजा, नारायण चौर, नक्साल, काठमाडौं, नेपाल
फोनः ४४११६०४, ४४११७३३, फ्याक्सः ४४१०५५४
Email: nabilinvest@nabilbank.com, Url: www.nabilinvest.com.np